# राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस-विज्ञप्ति

२२ माघ, २०७७

### शान्तिपूर्ण रूपमा प्रदर्शन गर्न पाउने नागरिकको अधिकारको सम्मान गर ।

ने.क.पा.(प्रचण्ड–नेपाल समूह) द्वारा २०७७ माघ २२ गते आव्ह्वान गरेको आमहड्ताल तथा प्रदर्शनको राष्ट्रिय मानव अधिकार आयोगका केन्द्रीय कार्यालय, प्रदेश कार्यालयहरु र प्रदेश शाखा कार्यालयहरुले अनुगमन गरेका छन् ।

काठमाडौंबाट ६४ जना, भक्तपुरबाट १ जना र ललिपुरबाट २ जनाका साथै देशका अन्य भागबाट समेत प्रहरीले प्रदर्शनकारीहरुलाई नियन्त्रणमा लिएको, जनकपुरमा प्रदर्शनकारीहरु र प्रहरीबीच झडप भई दुवैतर्फ घाइते भएको, देशभर केही सवारी साधनहरुमा तोडफोड तथा आगजनी भएको, दैनिक ज्यालादारीमा काम गर्ने मजदुरहरु, अस्पतालमा नियमित उपचारका क्रममा आउने गर्भवती महिलाहरु र परीक्षार्थीहरु बढी प्रभावित हुनका साथै सर्वसाधारणहरुको आवतजावतको अधिकार समेत प्रभावित भएको अनुगमनका क्रममा पाइएको छ ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १३, १७ र १९, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९६६ को धारा १२, १७, २१ र २२ एवम् नेपालको संविधानको धारा १७ र २५ ले बिना हातहतियार शान्तिपूर्वक भेला हुने तथा विचार तथा अभिव्यक्ति राख्न पाउने, नेपालको कुनै पनि भागमा आवतजावत र वसोबास गर्ने, पेशा व्यवसाय गर्ने, प्रत्येक नागरिले कानुनको अधिनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने र बेचविखन गर्न पाउने हकको सुनिश्चितता गरेको छ । नागरिकहरूबाट गरिएको शान्तिपूर्ण आन्दोलनमा प्रहरीबाट पक्राउ गरिनु, अधिक बल प्रयोग गरी घाइते बनाइनु तथा आमहड्ताल आव्ह्वानकर्ताहरुबाट आम नागरिकहरुलाई आवतजावत गर्नबाट वञ्चित गराउनु मानव अधिकारको मूल्य मान्यता विपरीतको कार्य भएकाले यसतर्फ संवेदनशील हुन सम्वद्ध सबै पक्षलाई आयोग आग्रह गर्दछ ।

अतः कुनै पनि बहानामा नागरिकहरुको मौलिक हक तथा स्वतन्त्रताको हरण गर्ने कार्य नगर्न तथा सभा सम्मेलन गर्ने र आफ्नो विचार राख्ने नागरिकको अधिकारको सम्मान गर्न आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ । साथै आमहड्ताल जस्तो विरोधको कार्यक्रमले आम नागरिकहरुको मानव अधिकारको उपभोगमा बाधा पर्ने भएकाले वार्ता र संवादको माध्यमबाट समस्याको समाधान खोज्न आमहड्ताल आव्ह्वानकर्ताहरुलाई समेत आयोग आग्रह गर्दछ ।

डा. टीकाराम पोखरेल
प्रवक्ता
(सह-सचिव)


फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone: +977-1-5010015, Fax: +977-1-5547973, G.P.O. Box: 9181, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org